# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०८।१८ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला स्वास्थ्य कार्यालय पाल्पामा नक्कली बिल भरपाई पेश गरी सरकारी रकम भ्रष्टाचार गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा पब्लिक हेल्थ नर्सिङ छैठौं कल्पना पौडेलले जिल्ला स्वास्थ्य कार्यालय पाल्पाबाट परिवार नियोजन शिविर सञ्चालन गर्ने क्रममा परिवार नियोजनको बन्ध्याकरण शिविरमा आवश्यक सरसामान ढुवानी गर्ने, ग्राहक लिन र पुऱ्याउन जाने प्रयोजनका लागि गाडी भाडामा प्रयोग गरी रू.८१,०००/-को फर्जि भरपाई संलग्न गरी सरकारी रकम हिनामिना गरी नेपाल सरकारलाई हानिनोक्सानी र आफूलाई फाइदा हुने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुर गरेको हुँदा निज कल्पना पौडेललाई बिगो रु.८१,०००/- (एकासी हजार) कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम असुलउपर हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला